# प्राथमिक विद्यालयमा वालमैत्री वातावरण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह, दोस्रो वर्ष

पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक

आवश्यकता पुरा गर्नको लागि प्रस्तुत

## शोधपत्र


**प्रस्तुतकर्ता**

आरती अर्याल

परीक्षा रोल नं. २१४०००२

त्रि.वि.दर्ता नं. ९-२-२१५-९७ -२००५

शैक्षिक वर्ष : २०६६/०६७

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सुकुना बहुमुखी क्याम्पस

कोसीहरैंचा, मोरङ्ग


२०७३

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षमा पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्रा सञ्जिता श्रेष्ठले "प्राथमिक विद्यालयमा बालमैत्री वातावरण" शीर्षकमा मेरो निर्देशनमा रही प्रस्तुत गर्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.................................

(शोध निर्देशक)

मिति : .................. २०७३

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, केन्द्रीय विभाग, सुकुना बहुमुखि क्यापस स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङक्न विशिष्टीकरण विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि "प्राथमिक विद्यालयमा बालमैत्री वातावरण" शीर्षकमा छात्रा आरती अर्यालद्वारा तयार पारिएको अध्ययन शोधपत्र मूल्याङ्कनको लागि यस मूल्याङ्कन समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृत प्रदान गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| विभागिय प्रमुख | ............................ |
| शोध निर्देशक | .............................. |
| बाह्य परिक्षक | .............................. |

मिति २०७३

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि "प्राथमिक विद्यालय बालमैत्री वातावरण" शीर्षकमा शोधपत्र लेखन कार्य सम्पन्न गरी प्रस्तुत गरेको छु । यस शोधपत्र अध्ययन कार्य शुरुदेखि अन्त्यसम्म नियमित र महत्त्वपूर्ण सुझाव दिई पथ प्रदर्शन गर्नु हुने शोध निर्देशक उप.प्रा.डा. विश्ववाला थापाज्यूप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । साथै शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभागका विभागीय प्रमुख उप.प्रा. किरणराम रञ्जितकार, उप.प्रा. डा.पेशल खनाल, उप.प्रा. शिवराज बढू र प्रा. स्वयम प्रकाश ज.ब.रा.ज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो शोधपत्र कार्यलाई प्रभावकारी बनाउनको लागि आवश्यक शैक्षिक सामग्रीको खोजीको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग प्रदान गर्नु हुने मेरा सहपाठी मित्रहरु रीता तिमल्सेना, इन्दिरा भट्ट, गीता जोशी, सीता के.सी., सावित्री चौलागाई लगायत अन्य सम्पूर्ण सहपाठी मित्रहरुप्रति धन्यवाद ज्ञापन गर्दछु ।

अध्ययनका क्रममा आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने ४ वटै विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु, विद्यार्थीहरु तथा सम्पूर्ण विद्यालय परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै मेरो प्रगतिमा सदा साथ र उत्प्रेरणा प्रदान गर्नु हुने आदरणीय बुबा श्री मेहेरमान श्रेष्ठ र ममतामयी माता श्रीमती लिलामाया श्रेष्ठ साथै यस अध्ययन कार्यलाई अगाडि बढाउन आर्थिक रुपमा सहयोग गर्नुहुने मेरो जीवन साथी श्री तुलसीराम श्रेष्ठ र मेरो अध्ययनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण घर परिवारप्रति आजिवन ऋणी रहदैं कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउने Educational Desktop लाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधपत्र प्रस्तोता
आरती अर्याल

# शोधसार

विकासको प्रथम चरणमा प्राथमिक शिक्षा नै महत्त्वपूर्ण जग हो । तसर्थ प्राथमिक तहको शिक्षालाई सर्वसुलभ सर्वव्यापी र गुणात्मक बनाउनु आवश्यक छ । यदि यसो हुन सकेन भने प्राथमिक शिक्षा प्रभावकारी हुन सक्दैन र देश पनि विकासको बाटोमा अगाडि बढ्न सक्दैन । त्यसका निम्ति विद्यार्थीहरुको ज्ञान, सिप र धारणाको विकास गराउन शिक्षण क्रियाकलापले मुख्य भूमिका खेलेको हुन्छ । तसर्थ शिक्षण सिकाइ क्रियकलाप प्रभावकारी र गुणात्मक हुनका लागि बालकेन्द्रित शिक्षण विधिको प्रयोग गरी बालमैत्री वातावरणमा शिक्षण हुनु पर्दछ । यसै परिप्रेक्ष्यमा यो अध्ययन प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था पत्ता लगाउन गरिएको थियो ।

प्रस्तुत अध्ययन शीर्षक "प्राथमिक विद्यालयमा बालमैत्री वातावरण" मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. १, ५,९ र ८ मा पर्ने श्री सौठा मा.वि., श्री सिद्दकाली मा.वि., श्री सरस्वती मा.वि. र श्री सिजुवा मा.वि.लाई सुविधाजनक नमुना छनोट विधिबाट छनोट गरी बालमैत्री वातावरणको अवस्थाको विश्लेषण गरिएको थियो । प्रस्तुत अध्ययनका उद्देश्यहरु विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारको अवस्था पत्ता लगाउनु, प्राथमिक तहमा बालमैत्री वातावरणको दृष्टिले शिक्षण अवस्थाको पहिचान गर्नु र बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन शैक्षिक तथा सामाजिक वातावरणको पहिचान गर्नु रहेको थियो । अध्ययनका साधनहरुमा प्र.अ. का लागि अन्तर्वार्ता निर्देशिका, शिक्षकका लागि प्रश्नावली, विद्यार्थीका लागि समूह छलफल निर्देशिका, कक्षा अवलोकन फाराम र विद्यालय अवलोकन फारामको प्रयोग गरिएको थियो । यस अध्ययनबाट प्राप्त सूचनाहरुलाई वर्णनात्मक विधिबाट विश्लेषण र व्याख्या गरिएको थियो ।

विद्यालय भवन, कक्षाकोठाको व्यवस्थापन, शौचालय, पुस्तकालय, खेलमैदान, खानेपानी, क्यान्टिनको राम्रो व्यवस्था हुनुपर्छ भने पनि सबै विद्यालयहरुमा भौतिक पूर्वाधार पूर्ण नभएको पाइयो । कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा बालकेन्द्रित शिक्षण विधिको प्रयोगमा न्यून रहेको पाइयो । शैक्षिक सामग्री प्रयाप्त मात्रामा नभएको र विषयवस्तु अनुरुप आवश्यकतानुसार शिक्षकहरुले स्थानीय रुपमा उपलब्ध हुने र विद्यालयमा उपलब्ध भएका सामग्रीहरुको प्रयोग गर्दै आएको पाइयो । कक्षाकोठाको भौतिक व्यवस्थापनलाई हेर्दा कक्षाकोठाको साइजअनुसार विद्यार्थीहरुको बसाइको अवस्था बालमैत्री रहेको पाइयो । कक्षा क्रियाकलापमा निरन्तर विद्यार्थी मूल्याङ्कन भने नभएको पाइयो । शिक्षकको व्यक्तित्वलाई हेर्दा सफा, सुग्घर, आत्मविश्वास, बोलीका स्पष्टता आदि भएकोले उनीहरुको असर विद्यार्थीहरुमा परेको पाइयो ।

बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन विभिन्न शैक्षिक तथा सामाजिक गतिविधि गर्दै आएको पाइयो । जसमा अतिरिक्त क्रियाकलाप हाजिरीजवाफ, सांस्कृतिक कार्यक्रम, कविता प्रतियोगिता, खेलकुद आदि जसले गर्दा विद्यार्थीहरुका चोतर्फी विकासका साथै शैक्षिक पक्षमा विकास गर्ने गर्दछ । यस्ता क्रियाकलापमा समान रुपमा सबै जाति, भाषा, धर्म, संस्कृति, लिङ्ग, आदिका आधारमा सहभागी

हुँदै आएको पाइयो । शिक्षण सिकाइको क्रममा विद्यार्थीहरुले राम्रो काम गरे बापत प्रशंसापत्र वा स्यावासी दिने गरेको र नराम्रो काम वा गल्ती काम गरेमा दण्ड नदिई सुधारात्मक कार्य वा परामर्श सेवा दिने गरेको पाइयो त्यसले गर्दा बालमैत्री वातावरण नै छ जस्तो लाग्छ र शिक्षक, प्र.अ. तथा विद्यार्थीहरुबीच सम्बन्ध पनि सुमधुर रहेको पाइयो ।

प्राथमिक तहको शिक्षणमा प्रभावकारिता ल्याउन बालमैत्री बनाउन, बालकेन्द्रित शिक्षण गर्न सबै प्राथमिक तहका शिक्षकहरुलाई शैक्षिक जनशक्ति तालिम केन्द्र तथा जिल्ला शिक्षा कार्यालय मार्फत् शिक्षक निर्देशिकाले तोकेअनुसारको शिक्षण सिकाइ क्रियाकलाप गर्न प्राथमिक तहमा उपयुक्त शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोग गर्न सहयोग पुग्ने खालका पुर्नताजगीकरण तालिमको व्यवस्था गर्नुपर्दछ । विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामग्रीहरु र सन्दर्भ सामग्रीहरुको व्यवस्था सम्बन्धित निकायले गर्नु गराउनु पर्दछ । स्थानीय स्तरमा निर्माण गरी प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरुको निर्माण र प्रयोगमा स्वयम शिक्षकले ध्यान पुऱ्याउनु पर्छ । यसका साथै निरन्तर विद्यार्थी मूल्याङ्कन गरी विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्न सक्नुपर्दछ । समय सापेक्ष विद्यालयको भौतिक अवस्था सुधार र निर्माण गर्नमा सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्दछ । त्यसैले आजको परिवर्तित समयमा प्राथमिक तहको शिक्षणमा प्रभावकारिता ल्याई कलिला बालबालिकाहरुमा ज्ञान, सिप र धारणाको विकास गरी भविष्यका लागि व्यवहारिक, दक्ष जनशक्ति उत्पादनमा शिक्षाले महत्त्वपूर्ण आधार प्रदान गर्नु नै आजको आवश्यकता हो । त्यसैले विद्यालयको आधारभूत तहबाट नै बालबालिकाहरुले बालमैत्री वातावरणमा शिक्षण सिकाइ हासिल गर्न सकेमा उनीहरुको भविष्य उज्जवल रहने गर्दछ र सिकाइ दिगो र गुणस्तरीय हुने गर्दछ ।

# विषयसूची


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता ज्ञापन iii

शोधसार iv

विषयसूची vi

तालिका सूची x

**परिच्छेद : एक**

**परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको उद्देश्य ७

१.४ अनुसन्धानात्मक प्रश्नहरू ७

१.५ अध्ययनको औचित्य ७

१.६ अध्ययनको सीमाङ्कन ८

**परिच्छेद : दुई**

**पूर्व साहित्यको पूनरावलोकन**

२.१ सैद्धान्तिक साहित्यको समीक्षा ९

२.१.१ विद्यालयमा बालमैत्री वातावरणसम्बन्धी सैद्धान्तिक पक्ष ९

२.१.२ बालमैत्री वातावरणमा शिक्षाको दार्शनिक आधार १२

२.१.३ बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले निर्दिष्ट गरेका क्षेत्र मापदण्ड एवम् सूचकहरू १३

२.२ सम्बन्धित सन्दर्भ साहित्यको समीक्षा १६

२.३ अवधारणात्मक ढाँचा १९

## परिच्छेद : तिन

## अध्ययन विधि


३.१ अनुसन्धान ढाँचा २०

३.२ नमुना छनौट प्रकृया २०

३.२.१ जनसङ्ख्या नमुना छनोट २१

३.२.२ क्षेत्र छनौट २१

३.२.३ विद्यालय छनौट २१

३.२.४ प्रधानाध्यापकको छनौट २१

३.२.५ शिक्षकको छनौट २१

३.२.६ विद्यार्थी छनौट २२

३.२.७ कक्षा छनोट २२

३.३ सूचनाको स्रोत २२

३.३.१ प्राथमिक स्रोत २२

३.३.२ द्वितीयक स्रोत २२

३.४ साधनहरूको निर्माण २३

३.४.१ प्र.अ कालागि अन्तर्वार्ता निर्देशिका २३

३.४.२ शिक्षकका लागि प्रश्नावली २३

३.४.३ समूह छलफल निर्देशिका निर्माण २३

३.४.४ कक्षा अवलोकन फाराम निर्माण २३

३.४.५ विद्यालय अवलोकन फाराम निर्माण २४

३.५ साधनको वैधता निर्धारण २४

३.६ सूचना संकलन प्रकृया २४

३.७ सूचनाको विश्लेषण र व्याख्या २५

## परिच्छेद : चार

## सूचनाको विश्लेषण र व्याख्या


| | | |
|---|---|---|
| ४.१ | भौतिक वातावरणको अवस्था | २६ |
| | ४.१.१ विद्यालयको भौतिक वातावरण | २७ |
| | ४.१.२ कक्षाकोठाको भौतिक वातावरण | ३४ |
| ४.२ | बालमैत्री वातावरणको दृष्टिले शिक्षण अवस्था | ३५ |
| | ४.२.१ शैक्षिक योजनाको निमार्ण र प्रयोग | ३६ |
| | ४.२.२ शिक्षण विधिको प्रयोग | ३७ |
| | ४.२.३ शिक्षण सिकाइ क्रियाकलाप | ४० |
| | ४.२.४ शैक्षिक सामग्रीको अवस्था | ४२ |
| | ४.२.५ कक्षाकोठामा शिक्षकको प्रस्तुति | ४४ |
| | ४.२.५.१ विद्यालयमा शिक्षक एक नमुनाको रूपमा | ४४ |
| | ४.२.५.२ आत्मविश्वासका साथै लचिलो प्रस्तुति | ४५ |
| | ४.२.५.३ बोलीको स्पष्टता | ४५ |
| | ४.२.५.४ भाषाशैलीको प्रयोग | ४५ |
| | ४.२.६ विद्यार्थीहरूको कक्षाकोठामा बसाइको अवस्था | ४६ |
| ४.३ | बालमैत्री वातावरण प्रभावकारी बनाउन शैक्षिक तथा सामाजिक वातावरणको अवस्था | ४६ |
| | ४.३.१ शिक्षकहरूको शैक्षिक तालिम | ४६ |
| | ४.३.२ दण्ड र पुरस्कारको व्यवस्था | ४७ |
| | ४.३.३ विद्यार्थी सहभागिताको अवस्था | ४८ |
| | ४.३.४ अतिरिक्त क्रियाकलाप | ४९ |
| | ४.३.५ शिक्षक तथा विद्यार्थीको आपसी व्यवहार | ५० |

**परिच्छेद : पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरू**


| | | |
|---|---|---|
| ५.१ | प्राप्ति | ५२ |
| ५.२ | निष्कर्ष | ५३ |
| ५.३ | सुझावहरू | ५४ |
| सन्दर्भसूची | | ५६ |

**अनिसूची**

| | |
|---|---|
| १. प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका | ५७ |
| २. शिक्षकका लागि प्रश्नावली | ५९ |
| ३. विद्यार्थीहरुको समूह छलफल निर्देशिका | ६५ |
| ४. कक्षा अवलोकन फाराम | ६७ |
| ५. विद्यालय अवलोकन फाराम | ६९ |
| ६. नमुना छनोटमा परेका विद्यालयहरूका नामावली | ७० |
| ७. नमुना छनोटमा परेका विद्यालयका प्र.अ. हरूको नामावली | ७१ |
| ८. नमुना छनोटमा परेका प्राथमिक तहको शिक्षकहरूको नामावली | ७२ |
| ९. नमुना छनोटमा परेका छात्र छात्राहरूको नामावली | ७३ |

# तालिका सूची

तालिका नं. ४.१ : विद्यालयको भौतिक वातावरणको अवस्था २८

तालिका नं. ४.२ :कक्षा शिक्षणमा प्रयोग गरिएका विधि ३८